नेपाल समाचारपत्र जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# रिकिस र सरस्वतीलाई एसईईको उपाधि



तस्वीर : सदीप पोखरेल



राजधानीमा आयोजित एक प्रतियोगितामा कपुरधाराका रिकिस चित्रकार *मिस्टर एसईई आइकन*का साथमा *मस्ट ट्यालेन्ट* र *मस्ट पर्फेक्ट* तथा सरस्वती सरु बुढाथोकीले *मिस एसईई आइकन*का साथमा *मस्ट पर्फेक्ट*को उपाधि चुमेका छन्।

अल नेपाल पब्लिकेसन मिडिया हाउस ललितपुरद्वारा राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा सम्पन्न विभिन्न स्कुलबाट एसईई दिएर बसेका किशोर किशोरीका बीच भएको *मिस्टर एन्ड मिस एसईई आइकन* २०१८ मा रिकिस र सरस्वतीले मुख्य उपाधिका साथ उपउपाधि चुमेका हुन्। प्रतियोगिताको *मिस्टर एसईई आइकन*तर्फ रामदुलार यादव *फस्ट रनर्सअप* र *बेस्ट स्पिच*, प्रविन शिवाकोटी *सेकेन्ड रनर्सअप*का साथमा *बेस्ट डान्सर* र *मस्ट इन्टिलेजेन*, अभिषेक बज्राचार्य: *भ्युअर्स च्वाइस* र जेसन श्रेष्ठ *मिस्टर क्याटवाक* र *मस्ट डिजर्भिङ*, अरनभ घिमिरे *मस्ट पपुलर* र *फेसबुक च्वाइस*, सन्तोष टेङमाली *सोसियल वेलफेयर एम्बेसडर*, राकेश तामाङ *बेस्ट सिंगर* र *बेस्ट फिजिक*, दिलिप बस्नेत *बेस्ट डिसिप्लिन*, अनिकेश श्रेष्ठ *मस्ट फोटोजेनिक*, सुमलन सादा शंकर *युथ विथ रेसपोन्सीबिलिटी*, सुदीप घिमिरे *बेस्ट पर्सनालिटी*, दीपेश खड्का *बेस्ट फिटनेस*, सूर्यबहादुर तामाङ *मस्ट फ्रेन्डली*, दिशान महर्जन *मस्ट एक्टिभ* र रेगिस श्रेष्ठ *मिस्टर ह्यान्डसम* उपउपाधिका विजेता भए।

त्यसै गरी *मिस एसईई आइकन*तर्फ बिबिका थापा *फस्ट रनर्सअप* र *मिस ब्युटीफुल*, मल्लीका श्रेष्ठ *सेकेन्ड रनर्सअप* र *युथ विथ रेसपोन्सीबिलिटी*, तिसा बज्राचार्य *थर्ड रनर्सअप*का साथमा *मिस ट्यालेन्ट* र *मस्ट पंचुअल*, आश्मा पाण्डे *फोर्थ रनर्सअप*का साथमा *बेस्ट स्पिच* र *मस्ट आकनिक आइज* भएका छन्। त्यसै गरी आँचल भण्डारी क्षेत्री *भ्युअर्स च्वाइस*, निशा देउला *सोसियल रेस्पोन्सिविलिटी*, श्रीषा भण्डारी *ब्युटी विथ प्रपस*, दीपिका श्रेष्ठ *मस्ट पपुलर* र *बेस्ट फिजिक*, अनसिना दनाल *बेस्ट स्माइल*, आशिका दाहाल *फेसबुक च्वाइस*, पलिसा मानन्धर *मिस क्याटवाक*, प्रियंका बरुवाल *बस्ट हेयर* र *फोटोजेनिक*, युना थापामगर *बेस्ट स्किन*, अर्पना नेपाल *बेस्ट डिसिप्लिन*, रक्षा मल्ल *बस्ट पर्सनालिटी*, आकृति कुँवर *मस्ट फिटनेस*, स्यारोन गुरुङ *मिस कन्जिनियालिटी*, सरु धिमाल *बेस्ट डान्सर*, रविना भण्डारी *फेसन आइकन*, रोजिना श्रेष्ठ *मस्ट एक्टिभ* र *मस्ट पोजिटिभ एटिच्युड*, आयुषा खड्का *मस्ट क्रियटिभ* प्रीति राई *सोसियल वेलफर एम्बेसडर*, प्रकृति थापा *बेस्ट सिंगर* र मृदुला केसी *मस्ट फ्रेन्डली* भएका छन्। कलाकार सुरेन्द्र केसी 'मुला साग', फिल्म निर्माता, निर्देशक तथा कलाकार गजित बिष्ट, सञ्चारकर्मी सूर्य चन्द, *टिचर आइकन* सन्ध्या केसी, हिसानका पूर्वअध्यक्ष युवराज थापा, डा. श्याम खड्का र आइडल मोडल स्कुलका प्रिन्सिपल विराट क्षेत्री निर्णायक रहेको कार्यक्रमको बीच-बीचमा महादेव त्रिपाठीले कमेडी प्रस्तुत गरेका थिए भने बल्ली डान्स ग्रुपले डान्स र गायक र ध्रुव विस्कोले गीत प्रस्तुत गरेका थिए। प्रतियोगिताको कोरियोग्राफी र कार्यक्रम सञ्चालन अश्विनी झाले गरेका थिए।

## धरहरा

### भोट कि नोट ?



कसैलाई काखा कसैलाई पाखा भन्ने उखान त्यसै चलेको भने होइन। हिजोआज जताततै यस्तै भइराख्या छ भन्या। जता गए पनि आफ्नालाई भनसुन गरेर भए पनि काखी च्यापेका छन्। पराइलाई भने दु:ख दिएको दियै छन्।

यसो धरहरा आफू ढलेको भए पनि अरूलाई उठाउन यताउती हेर्दै गरेको त एक्कासि आँखा १६ नम्बरमा पर्‍यो। अरू नम्बर किन नभनेको भन्नु होला यसले १६ नं. वडा कार्यालयको कुरा गरेको हो। महानगरपालिकालाई शिक्षाको अधिकार दिएपछि हिजोआज छात्रवृत्तिका लागि धाउनेको लर्को लामै देखिन्छ।

पहिले जिल्ला शिक्षा कार्यालयको एउटा सिफारिसको भरमा छात्रवृत्ति खाएकाहरू अहिले महानगरपालिकाले कडाइ गरेपछि अप्ठ्यारोमा परेको धरहराले महसुस गरेको छ।

यसो सिफारिस लिन जानेहरू भन्दै थिए- 'यस्तै हुन्छ भन्ने जानेको भए त उसैलाई भोट दिइन्थ्यो नि, के गर्ने अहिले नोट खर्च गर्न पर्ने बेला आयो।' नोटलाई भोटमा क्यास गर्न सक्या भए यस्तो हुँदैनथ्यो। अहिले नोटको कनेक्सन एकदम चलेको छ। नोट यो अर्थमा कि महानगरपालिकाले आफ्ना छोराछोरीका लागि छात्रवृत्ति सिफारिस गरिदिएको भए यो नोटबराबर नै हुन्थ्यो।



## दीपिकाले मागिन् अभिनेतासरह पारिश्रमिक

बलिउड नायिका दीपिका पादुकोणले आफूले अभिनय गरेको फिल्म *पद्मावत* हिट भएपछि आफ्नो पारिश्रमिक पनि बढाएकी छिन्।


भारतीय सञ्चार माध्यमले जनाएअनसार उनले पुरुष कलाकारबराबर पारिश्रमिक डिमान्ड गरिरहेकी छिन्। यति मात्र होइन, अब उनले फिल्मको कथा पनि आफ्नो इच्छाअनुसार परिवर्तन गर्न जोड दिन थालेको समाचारमा जनाइएको छ। उनी आफ्नो फिल्म हिट भएपछि लगातार धेरै फिल्म छोडिरहेकी छिन्। उनी तब मात्र फिल्म ओके गर्नेछिन्, जन फिल्मबाट उनले भनेजति पारिश्रमिक पाउनेछिन्। एक फिल्म निर्माताको भनाइलाई उद्धृत गर्दै समाचारमा भनिएको छ- 'दीपिकाले यस किसिमको रवैया देखाउनमा निर्देशक सञ्जय लीला भंसाली दोषी छन्। किनभने उनले दीपिकालाई *पद्मावत*मा मेल एक्टरलाई भन्दा बढी पारिश्रमिक दिएका थिए।' समाचारमा जनाइएअनुसार फिल्ममा दीपिकालाई ११ करोड, रणवीर सिंहलाई ८ करोड तथा साहिद कपुरलाई ४ करोड भारतीय रुपियाँ दिइएको थियो। निर्माताले भनेको छन्- 'अब दीपिका केवल ए लिस्टर प्रोड्युसर तथा डाइरेक्टर र हिरोका साथमात्र काम गर्नेछिन्। यही कारणले नै उनले *पद्मावत*पछि कुनै पनि फिल्म साइन गरेकी छैनन्। रिपोर्टअनुसार बलिउडमा ए लिस्टर हिरो तथा हिरोइनको पारिश्रमिकमा ५ गुणाको अन्तर छ। दीपिका, कंगना रनावत, करिना कपुरलगायतका अभिनेतृको पारिश्रमिक १० देखि १२ करोड छ। जबकी सलमान खान, शाहरूख खानजस्ता अभिनेताले १ फिल्मबापत ५० देखि ६० करोड रुपियाँ लिने गर्छन्।

## कलकत्तामा नेपालको निबन्ध

भारतको *कलकत्ता इन्टरनेसनल चिल्ड्रेन थिएटर फेस्टिबल*मा नेपालको तर्फबाट रंगकर्मी केदार श्रेष्ठद्वारा लिखित तथा निर्देशित नाटक *उपियाँको निबन्ध* मञ्चन हुने भएको छ।

थिएटर मल, प्रेरणा विद्याश्रम हरिसिद्धि र थिएटर सेन्टर फर चिल्ड्रेन (टीसीसी नेपाल) को नाटक आगामी सोमबार कलकत्तास्थित पश्चिम बंगालको एकेडेमी अफ फाइन आर्टको हलमा मञ्चन हुनेछ। कलकत्ताको नाट्य संस्था एसो नाटक सिखीले आयोजना गर्ने महोत्सव आइतबारदेखि ५ दिनसम्म चल्नेछ। नेपाल, भारत, दक्षिण अफ्रिका, मेक्सिको, श्रीलंकालगायत ८ देश सहभागी हुने महोत्सवमा १६ नाटक मञ्चन हुनेछन्। फेस्टिभलमा नाटक *उपियाँको निबन्ध*को ४०औं मञ्चन हुनेछ। यसअघि प्रेरणा विद्याश्रमले नै २०६८ मा रुसी सांस्कृतिक केन्द्र र शैली थिएटरको *राष्ट्रिय बाल नाटक महोत्सव*मा पहिलोपटक मञ्चन गरेको थियो।

स्कुले परिवेशको कथालाई हास्यव्यंग्य शैलीमा प्रस्तुत गरिएको नाटक *उपियाँको निबन्ध*मा लौरी बोकेर कक्षा लिने नेपाली शिक्षकले नमुनाका रूपमा लेखिदिएको *उपियाँ* शीर्षकको निबन्ध लेखिदिन्छन्। त्यही निबन्ध मानक मानेर अन्य निबन्ध लेख्ने विद्यार्थीको कथा नाटकले प्रस्तुत गरेको छ। कोलकातामा प्रेरणा विद्याश्रमका विद्यार्थी सकिना, किर्ती, जब्बु, सर्जिला, दिया, योगेश, एलेक्स, आयुष, अडिन, कृष्णा, रोनिक महर्जन, निर्देश केसी र लुमन्ती डंगोलले अभिनय गर्नेछन्। नेपालबाट गार्डेन थिएटरको चे शंकर निर्देशित नाटक *मिस्टर फक्स एन्ड स्कुल ब्वाइ* पनि महोत्सवमा देखाइँदैछ।








कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ